**ओजी ग्रुपको सप्लाइ-चेन र सस्टेनेबिलिटी मार्गनिर्देशन**

2007 साल अप्रिल 1 तारिख निर्माण
2012 साल अक्टोबर 1 तारिख संशोधन
2018 साल डिसेम्बर 1 तारिख संशोधन:
2024 साल फेब्रुअरी 26 तारिख संशोधन:

[आधारभूत सिद्धान्त]

ओजी ग्रुपले सप्लायरहरूलाई यस कम्पनीको विचारधारा सञ्चार गर्नको लागि "सप्लाइ-चेन र सस्टेनेबिलिटी मार्गनिर्देशन" स्थापना गरेको छ र ओजी ग्रुपले सप्लायरहरूसँग तल तोकिएका विषयहरू बुझेर कार्यान्वयनको अपेक्षा र माग गर्दछ।

[सम्पूर्ण व्यवसायिक साझेदारहरूलाई अनुरोध]

ओजी ग्रुपले सप्लाइ-चेनका सम्पूर्ण व्यवसायिक साझेदारहरूलाई तलका विषयहरू कार्यान्वयन गर्ने अनुरोध गर्दछ र हाम्रो कम्पनी पनि सम्पूर्ण व्यवसायिक साझेदारहरूसँगै यी कुराहरू गर्नेछ।
साथै तपाईंहरूले आफ्नो सप्लाइ-चेनमा पनि समान विचारहरूमा ध्यान दिनुहुन्छ भन्ने अपेक्षा गर्दछौं।

(1)कानुन र सामाजिक मान्यताको पालना र निष्पक्ष कारोबार तथा भ्रष्टाचारको रोकथाम

1.सम्बन्धित कानुन र अन्तर्राष्ट्रिय सन्धिहरूको पालना

2.निष्पक्ष कारोबार तथा भ्रष्टाचारको पूर्ण रोकथाम

3.उत्पादन तथा सेवा आदिको उचित गुणस्तरको सुनिश्चितता

(2)वातावरण प्रतिको सचेतता

व्यापारिक गतिविधि गर्दा स्थानीय समुदाय र जैविक विविधता, वातावरण प्रदूषण तथा अन्य वातावरणीय समस्याहरू प्रति सचेत भई, ऊर्जा, जल तथा अन्य स्रोतहरूको प्रयोग परिमाण, हरितगृह ग्याँस तथा फोहोर (नष्ट गर्ने वस्तु) को परिमाण घटाउने प्रयास गर्नुका साथै वन संरक्षण जस्ता माध्यमहरूद्वारा कार्बन डाइअक्साइडको दिगो कार्बन फिक्सेसन प्रवर्द्धन गर्ने।

1.वातावरण व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने

2.फोहोर (नष्ट गर्ने वस्तु) उत्सर्जन परिमाण घटाउने र स्रोतलाई प्रभावकारी रूपमा उपयोग गर्ने

3.जलवायु परिवर्तन प्रति चाल्ने कदमहरू

(ऊर्जा संरक्षण आदि मार्फत हरितगृह ग्याँस घटाउने र वन संरक्षण जस्ता माध्यमहरूद्वारा कार्बन डाइअक्साइडको अवशोषण तथा दिगो कार्बन फिक्सेसनको प्रवर्द्धन)

4.जैविक विविधताको संरक्षण

5.वातावरणीय भार घटाउने

6.रासायनिक तत्वको व्यवस्थापन

7.जलस्रोतको व्यवस्थापन

(3)समाज प्रतिको सचेतता

1.मानव अधिकारको सम्मान गरी भेदभाव, हरेक प्रकारको ह्यारासमेन्ट, शारीरिक दण्ड लगायतका दुर्व्यवहार जस्ता मानवीय व्यवहार निषेध

2.कर्मचारीद्वारा गरिने जबरजस्ती श्रम र बाल श्रम निषेध गर्नुका साथै कामको कानुनी न्यूनतम उमेर नपुगेका बालबालिकाहरूको रोजगार निषेध

3.रोजगारीमा लिङ्ग, जाति, धर्म आदिको आधारमा हुने भेदभाव निषेध

4.कानुनी न्यूनतम पारिश्रमिक भन्दा बढीको पारिश्रमिक ग्यारेन्टी

5.कर्मचारीको संगठित हुने अधिकार र सामूहिक सौदाबाजी अधिकारको सम्मान

6.काम गर्ने समयको कानुनी सीमाको पालना गरी लामो समयको श्रम रोक्ने

7.कर्मचारीको लागि सुरक्षित, स्वच्छ तथा स्वस्थ कार्य वातावरण सुनिश्चित गर्ने

8.सप्लाइ-चेन लगायत सुरक्षा र स्वच्छताको प्रवर्द्धन

9.समुदाय तथा समाज प्रतिको योगदान

(4)समाजसँगको कम्युनिकेसन

1.सरोकारवालाहरूसँगको कम्युनिकेसनद्वारा विश्वासको सम्बन्ध निर्माण

2.विदेशी संस्कृति र रीतिरिवाजको सम्मान

3.उचित रूपमा जानकारीको खुलासा र सुरक्षा

*"ओजी ग्रुपको पार्टनरसिप खरिद नीति" बाट "ओजी ग्रुपको सप्लाइ-चेन र सस्टेनेबिलिटी मार्गनिर्देशन" मा नाम परिवर्तन

*यो मार्गनिर्देशन ओजी ग्रुपले खरिद गर्ने सम्पूर्ण कच्चा पदार्थहरूमा लागु हुनेछ। काठका कच्चा पदार्थको लागि छुट्टै

"काठका कच्चा पदार्थ खरिद नीति" तोकिएको छ।

*वातावरण र समाजमा ध्यान दिइएको सस्टेनेबिलिटी खरिदलाई प्रभावकारी रूपमा प्रवर्द्धन गर्नको लागि आवश्यकता अनुसार अनुगमन गरिनेछ।

समाप्त